ADRA

# नमस्ते

परियोजना अपडेट

आड्रा नेपाल नमस्ते न्यूजलेटर

सेप्टेम्बर २०२४

विशेष लेख: मधेश प्रदेशमा पोषण कार्यक्रममा सापेक्षिक सुधार गरिँदै
पृष्ठ ३

## यस अंकभित्र

पृष्ठ-०१ परियोजनाको संक्षिप्त जानकारी

पृष्ठ-०३ विशेष लेख

पृष्ठ-०६ कृषक पाठशाला

पृष्ठ-०७ साझेदार

पृष्ठ-०९ समसनाको कथा

पृष्ठ-११ आड्राको स्वास्थ्य रणनीति



अनलाइन पढ्नुहोस्

# परियोजना अपडेट




आपतकालीन प्रतिक्रिया
आड्रा सञ्जाल
(इन्रूडेक)

आड्रा नेपालले बझाङ, डोटी, र जाजरकोटका भूकम्पबाट प्रभावित क्षेत्रका तीनवटा प्रसुति केन्द्रहरू निर्माण गरेको छ । अब यी दुर्गम पहाडी क्षेत्रका बासिन्दाहरूले टाढाका स्वास्थ्य चौकीमा लामो यात्रा गर्नुको सट्टा आफू नजिकका प्रसुति केन्द्रहरूबाट स्वास्थ्य सेवा र प्रसुति सुविधा पुनः प्राप्त गर्न सक्नेछन्।

आड्रा नेपालको उद्धार कार्यहरूमा संलगन भई मानिसहरूको जीवन परिवर्तन गराउन सहयोग गर्नुहुने समस्त दातृ निकाय, साझेदार, सरकारी निकाय, आड्रा सञ्जाल , हाम्रा कर्मचारी, र स्वयंसेवकहरूलाई हामी धन्यवाद दिन चाहन्छौं ।



**संयुक्त राष्ट्र जनसंख्या कोष परियोजना**
संयुक्त राष्ट्र जनसंख्या कोष

हामीले स्वास्थ्य प्रबन्धकहरूका लागि फोरकास्टिङ्ग क्वान्टिफिकेशनमा टिओटी (प्रशिक्षक तालिम) सञ्चालन गर्‍यौं । सहभागी प्रबन्धकहरूले मधेश प्रदेशका आ–आफ्ना पालिकामा रहेका स्वास्थ्य सामग्री (औषधि र उपकरण) को प्रभावकारी पूर्वानुमान र परिमाणका निम्ति अन्य प्रबन्धकलाई आवश्यक तालिम प्रदान गराउने छन् । स्वास्थ्य संस्थामा लजिस्टिक प्रणाली सुदृढीकरण गर्नु यसको महत्वपूर्ण उद्देश्य हो ।



**WISH II** परियोजना
आड्रा बेलायत, (बागमती सेवा समाज नेपाल)

आड्रा नेपालले मधेश प्रदेशका पिछडिएका क्षेत्रमा प्रजनन् स्वास्थ्य शिविर सञ्चालन गर्‍यो। यी स्वास्थ्य शिविरमार्फत आड्राले महिलाको स्वास्थ्य परीक्षण, पाठेघरको मुखको क्यान्सर तथा पाठेघर खस्ने समस्याको जाँच, परिवार योजना सेवा, परामर्श, परिवारका लागि सन्तुलित आहार तथा पोषणसम्बन्धी परामर्श सेवा दिने काम गरेको छ ।

स्वास्थ्य सवलीकरण परियोजना
जापान सरकार, यामाहा, लायन फण्ड, टेरिमो, आड्रा जापान (इन्रूडेक)

बर्दिया जिल्लाको ढकेला गाउँमा यामाहा स्वच्छ पिउने पानीको प्रणाली हस्तान्तरण गरिएको छ । बारबर्दिया र मधुवन नगरपालिकाको पोषण केन्द्र र गाउँघर क्लिनिकहरूको पनि हामीले क्षमता विकास गरायौं । तीव्र कुपोषणको एकीकृत व्यवस्थापनको निम्ति हामीले क्लिनिकल सीप सुधार गर्न, पोषण केन्द्रका दुई सय कर्मचारीलाई क्षमता विकासको तालिम गरायौं । यस परियोजनाको माध्यमबाट बारबर्दिया र मधुवन नगरपालिकाका विभिन्न स्थानमा करिब ४२४ सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई थप आवश्यक तालिम प्रदान गराउने कार्य पनि परियोजनाबाट भएको छ ।







**TERAI** परियोजना
जर्सी ओभर्सिज एड तथा आड्रा बेलायत, (इन्द्रेणी, फरवार्ड नेपाल)

TERAI परियोजनाले पशु नश्ल सुधारमा संलग्न नेपाल सरकारका प्राविधिकका लागि ५ दिने भ्रुण हस्तान्तरण तालिम आयोजना गरेको थियो । यस तालिमद्वारा पशु प्रजननमा प्रयोग हुने गुणस्तरीय विधिको भ्रुण प्रत्यारोपणलाई नेपालमा प्रयोग गर्न सक्षम बनाउनुका साथै यस प्रविधिलाई नेपालमै परिचय गराई विशेषज्ञताको निर्माण र विकास गर्न सकिनेछ। तालिमका अतिरिक्त यस परियोजनाद्वारा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवलाई ५० वटा भन्दा बढी जर्सी गाईको भ्रुण हस्तान्तरण गरिएको थियो। यस परियोजनाको माध्यमबाट पशुपालन व्यवसायमा आधुनिकीकरण गर्ने अवसर मिल्नेछ ।



**GOAL II** परियोजना
अष्ट्रेलियन एड, आड्रा अष्ट्रेलिया, (रूडास नेपाल, फिड्रो नेपाल)

यस परियोजनाले गत वर्ष प्यूठानमा तरकारी बजार सञ्चालन गराएको थियो । स्थानीय कृषकलाई आफूले उत्पादन गरेको सामग्री उचित मूल्यमा बेच्ने उपयुक्त स्थलको अभ्यास प्रारम्भिक रूपमै अत्यन्त सफल भएको अनुभव भएको छ। रोल्पाका कृषकको निम्ति पनि परियोजनाले यस्तै खालको बजार खोल्न सहयोग गरेको छ। हाल बेमौसमी समयमा बन्द रहेका दुबै बजार पुनः कृषकको उत्पादनहरू खरिद-बिक्री गर्न सकिने गरी खुलेको छ। स्थानीय उत्पादनलाई बजारको सुनिश्चितता गर्न यसबाट सहयोग मिल्ने आशा गरिएको छ। यी दुईवटा कृषि संकलन केन्द्रहरूमार्फत स्थानीय कृषकहरूले आफूले उत्पादन गरेका कृषि उपजहरू विशेष गरी तरकारीको सामूहिक रूपमा वजारीकरण गरी राम्रो आम्दानी लिन सफल भएका छन् ।



**RELIEF** परियोजना
क्यानेडियन फुडग्रेन्स, आड्रा क्यानेडा, (प्रयास नेपाल)

प्रारम्भिक चरणमा रहेको RELIEF परियोजनाले हाल परियोजनाका कर्मचारीसँग मिलेर तालिम सञ्चालन गरिरहेको छ । यसले स्थानीय सरकारसँग मिलेर कार्यशाला तथा तालिम गर्ने, किसान समूहको गठन गर्ने र उनीहरूको क्षमता विकासका काम गर्नेजस्ता प्रारम्भिक कार्य गरिरहेको छ । यसबीच, नेपाल भ्रमणमा रहनुभएका दातृ निकाय क्यानेडियन फुड ग्रेन्सको टिमलाई परियोजना क्षेत्रको शैक्षिक अनुगमन अवलोकन गराउने कार्यमा पनि आड्राले सहजीकरण गरेको छ ।



सबैका लागि शिक्षा
आड्रा कोरिया, आड्रा जापान, व्यक्तिगत दाता–अष्ट्रेलिया

आड्रा नेपालबाट यस वर्ष स्पोन्सर प्राप्त गरेका २३ जना विद्यार्थी कक्षा १२ को परीक्षामा समावेश भएका छन् । आड्राले व्यक्तिगत दाताहरूको सहयोगमा सञ्चालन गरेको यस कार्यमा १७ वटा सामुदायिक विद्यालयमा करिब २ सय २५ जना विद्यार्थीलाई विधालय पोशाक प्रदान गराएको छ । यस कार्यक्रममार्फत आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई विद्यालय जान प्रोत्साहन गर्दछ ।

संयुक्त राष्ट्र जनसंख्या कोषः
बाल विवाहको अन्त्य
संयुक्त राष्ट्र जनसंख्या कोष

**मधेश, सुदूरपश्चिम, र लुम्बिनी प्रदेशका १०० स्वास्थ्य संस्थाहरूलाई किशोर/किशोरीमैत्री बनाउन तथा प्रजनन् स्वास्थ्यका समस्याबारे ज्ञान हासिल गर्न आड्राले सुधार र स्तरोन्नतिमार्फत प्रोत्साहित गरिरहेको छ ।**

सम्वर्धन परियोजना
युरोपेली संघ, अष्ट्रियन डेभलपमेन्ट कोअपरेसन, आड्रा (एन्साब, बी ग्रुप, फेकोफन)

आड्रा नेपालले बर्दिया तथा बाँकेका कृषक समूहसँग मिलेर वन्यजन्तु प्रतिरोधी खेती तथा उन्नत कृषि प्रविधिका निम्ति सहयोग गर्दै आएको छ। यस परियोजनाको माध्यमबाट स्थानीय रूपमा प्राविधिक दक्षता र कृषक पाठशालाका लागि आवश्यक सेवा उपलब्ध गराउँदै आएको छ। राष्ट्रिय निकुञ्ज नजिकैका सामुदायिक वन सञ्चालनका निम्ति योजना बनाउन सामुदायिक वन उपभोक्ता समूहसँग पनि यसले सहकार्य गरिरहेको छ ।



नेपालको विकासका क्षेत्रमा निरन्तर काम गरिरहेको संस्थामा मनोनीत भई अनुभवी अगुवाहरूसँग काम गर्न पाउनुलाई आड्रा नेपालले अवसरको रूपमा लिएको छ । एआइएनलाई प्रभावकारी सिकाइ र सहकार्य मञ्चको रूपमा समर्थन गरी हाम्रा साझा लक्ष्य अगाडि बढाउन पाउनु सम्मानको कुरा हो।

टम पिनन्, देशीय निर्देशक
आड्रा नेपाल



(एआइएन) AIN सञ्चालक समिति

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको छाता संस्था एआइएन (AIN) सञ्चालक समितिको सदस्यको रूपमा आड्रा नेपालको प्रतिनिधित्व भएको छ । आड्रा नेपालका देशीय निर्देशक टम पिननलाई हालै एआइएनको १४ सदस्य समितिमा २ वर्षको लागि सदस्यको रूपमा मनोनयन गरिएको छ । सन् १९९६ मा स्थापना भएको एआइएनमा हाल नेपालमा कार्यरत ११२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू संलग्न छन् । एआइएनले सरोकारवालाहरूसँग नागरिक सुदृढीकरण, मानवीय सहायतामा संलग्नता र विकासलाई गति दिने काम गर्छ भने नेपाल सरकारको विकास कार्यमा योगदान पुर्‍याउँछ । यो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्थापित सञ्जाल पनि हो ।

25+ Years of Partnership
ain
for Humanity and Development

# मधेश प्रदेशमा पोषण कार्यक्रममा सापेक्षिक सुधार गरिँदै

HSS-MNCH/N परियोजनाद्वारा कुपोषणको चुनौतीलाई सामना गर्ने पहल

सुजितकुमार साह
स्वास्थ्य अनुगमन तथा मूल्यांकन व्यवस्थापक
आड्रा नेपाल




सन् २००० को प्रारम्भदेखि भोकमरी तथा अल्पपोषणलाई सम्बोधन गर्न महत्वपूर्ण प्रगति भए पनि वर्तमान अवस्थामा अझै कुपोषणका अवस्था विश्वव्यापी रूपमा एक प्रमुख चुनौतीको विषय छ । नेपालमा ५ वर्षमुनिका २५ प्रतिशत बालबालिकामा कम उचाई तथा शारीरिक वृद्धि विकास नभएको, ८ प्रतिशत मृत्यु हुने गरेको र १९ प्रतिशत कम तौल भएको तथ्यांक छ । (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२) । नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे २०१९ को तथ्यांकअनुसार मधेश प्रदेशमा ५ वर्षमुनिका २९ प्रतिशत बालबालिका शारीरिक विकास वृद्धि कम भएका र १७.८ प्रतिशत मृत्यु हुने गरेका छन् । दोस्रो उच्च जोखिम रहेको यो समस्या, मधेश प्रदेशको निम्ति चिन्ता र चासोको विषय बनेको छ । निम्न शैक्षिक चेतना, जनचेतनाको कमी तथा बाल विवाहजस्ता कारकहरूले यस प्रकारका समस्या अझ बढाउँदै छ (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२) । जातीय भिन्नताको कारणले पनि यसलाई असर पार्छ । गैरदलित बालबालिकाको तुलनामा दलित बालबालिकाको शारीरिक विकास कम र मृत्यु दर उच्च हुने गरेको छ । यसका अतिरिक्त मधेश प्रदेशका १४ प्रतिशत बालबालिका गम्भीर कुपोषणको शिकार भएका छन् । कुपोषणद्वारा सामाजिक, आर्थिक र साँस्कृतिक रूपमा समस्त हिसाबले लैंगिकताअनुसार फरक-फरक तरिकाले प्रभाव पार्छ । विभिन्न मौसमी प्रकोप, भू-क्षय र चुरे पहाडको वन फँडानीले गर्दा यस किसिमका चुनौती अझ बढ्दै गएका छन् । उन्नत कृषिका भण्डारका रूपमा प्रख्यात नेपालको तराई भूभाग हाल आफैँमा कुपोषणको जोखिमबाट गुज्रिरहेको छ । अधिकतम कृषि उत्पादनको क्षमता भए पनि तराईमा हिमाली तथा पहाडी भूभागहरूको तुलनामा धेरै बालबालिकाको कुपोषणको कारणबाट मृत्यु हुने गरेका छन् । स्वच्छताको कमी तथा ६ देखि २३ महिनासम्मका बालबालिकाहरूले प्राप्त गरेका अपुग पोषणयुक्त आहार यसका मुख्य कारण हुन् ।

नेपालको ब्रेडबास्केट भनेर चिनिने तराई क्षेत्रले कुपोषणको सामना गरिरहेको छ। कृषिको प्रचुरताको बावजुद यो देशको तीन पारिस्थितिकीय क्षेत्रमध्ये यो क्षेत्र सबैभन्दा बढी प्रभाव हुने अवस्थामा छ । यसको कारक तत्त्वमा खराब स्वच्छता र न्यूनतम सिफारिस गरिएको आहार (एनपिसी-एनएमपीआई २०१८) प्राप्त गर्ने ६ देखि २३ महिना उमेरका बच्चाको सबैभन्दा कम प्रतिशत समावेश छ । (राष्ट्रिय योजना आयोग-नेपाल बहुआयामिक गरिबी सूचकांक २०१८) ।

किशोरावस्था तथा कम तौल भएका आमाहरूबाट जन्मिएका बच्चा कुपोषणको शिकार हुने सम्भावना उच्च हुन्छ । उच्च रक्तअल्पताको प्रसार (५२ प्रतिशत प्रजनन् उमेरका महिला र ४६ प्रतिशत गर्भवती महिलामा) जस्ता मातृ कारकहरूका कारण बच्चाको मृत्यु हुने र शारीरिक विकासको वृद्धिमा कमी हुने गर्छ । (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२) । सामाजिक मान्यताका कारण किशोरावस्थामा यसले अझ बढी असर पार्छ । विशेष गरी १० देखि १९ वर्ष उमेर समूहका किशोरीमा २१ प्रतिशत रक्तअल्पता किशोरहरूको तुलनामा दोब्बर हुन्छ । (नेपाल राष्ट्रिय सूक्ष्म पोषक तत्व सर्वेक्षण, २०१६) । गरिबी तथा मौसमी खाद्य सुरक्षाको कमीले महिला, किशोरी तथा बालबालिकाको स्वास्थ्य आहारको पहुँचलाई सीमित गर्छ । गर्भावस्थाको समयमा पौष्टिक आहारले समस्या हुने, गर्भभित्रै बच्चाको आकार वृद्धि हुने वा गर्भावस्था तथा स्तनपानको अवधिभर केही खानाका प्रकार त्याग्यो भने बच्चाको स्वास्थ्य लाभदायक हुनेजस्ता केही गलत धारणा परियोजनाको लाभग्राहीले अन्तरक्रियाको समयमा प्रकट गर्नुभयो । उपलब्ध स्वास्थ्य सेवामा पनि स्वास्थ्यसम्बन्धी रोकथामका उपायबारे जनचेतनाको कमी नै छ । सामाजिक, साँस्कृतिक, र धार्मिक मान्यताले पनि महिलाको स्वास्थ्य सेवाको सहजीकरणमा थप बाधा पुर्‍याउँछ ।

### HSS-MNCH/N परियोजना: मधेश प्रदेशमा कुपोषणको समस्या सम्बोधन गर्ने प्रयासमा

आड्रा अन्तर्राष्ट्रिय तथा आड्रा नेदरल्याण्डसको आर्थिक सहयोग र बागमती सेवा समाज नेपालको साझेदारीमा सञ्चालित स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण/मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य/पोषण (HSS-MNCH/N) २०२२-२०२५ परियोजनाले मातृ, शिशु तथा बाल स्वास्थ्य तथा पोषण प्रणालीमा पहुँच बढाउने, स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने र सामुदायस्तरमा पहुँच बढाउने लक्ष्य राखेको छ । यस परियोजनाले कुपोषणको उच्च जोखिम, न्यून पोषण तथा शारीरिक विकास वृद्धिको जोखिम तथा अन्य जनस्वास्थ्यको आवश्यकतालाई प्राथमिकतामा राखेर सर्लाही र महोत्तरी जिल्लामा लक्ष्य गरी काम गर्दै आइरहेको छ । आड्राले महिला तथा बालबालिकाको स्वास्थ्यसम्बन्धी जोखिम तथा उनीहरू लगायत उनीहरूका समुदायको स्थायी रूपमा स्वास्थ्य सुधारको अवसरलाई पहिचान गरी सम्बोधन गर्छ । यसका साथै आड्राले स्वास्थ्य क्षेत्रमा पुरूषहरूको संलग्नतालाई सुदृढीकरण गरी परिवारको स्वास्थ्यका लागि सकारात्मक निर्णय लिन प्रोत्साहित गर्छ ।

### दृष्टिकोण: स्थानीय स्वास्थ्य सेवा प्रणाली तथा सामुदायिक संलग्नतामा सुदृढीकरण

सामाजिक तथा आर्थिक विकासको निम्ति सुस्वास्थ्य अति आवश्यक हुन्छ । HSS-MNCH/N परियोजनाले स्वास्थ्य सुदृढीकरण प्रणालीमा केन्द्रित भई समुदायलाई दिगो विकासका लक्ष्य सुनिश्चित गर्न सक्रिय रूपमा संलग्न गराउँछ । यस परियोजनाद्वारा स्थानीय तहमा उपलब्ध भएका स्वास्थ्य सेवा-सुविधा स्वास्थ्य संस्थामा स्तरउन्नती बढाउने, प्रदान गर्दै आइरहेका सेवामा सुधार गर्ने र स्वास्थ्य सेवालाई अझै सुदृढ गर्नेतर्फ केन्द्रित छ । समुदायको संलग्नताबाट पिछडिएका समूहले आवश्यक मातृ तथा शिशु स्वास्थ्य तथा पोषण सेवा प्राप्त गरेको, स्वास्थ्य सेवा प्राप्त गरेको र स्वास्थ्य सेवाप्रदायकद्वारा समुदायका आवश्यकता पूरा भएको सुनिश्चित गर्छ ।

### सामाजिक तथा व्यावहारिक परिवर्तनद्वारा समुदायको आवश्यकतालाई पहिचान गरिँदै

यस परियोजनाद्वारा सामाजिक तथा व्यावहारिक परिवर्तन सञ्चारको विधि, पारस्परिक सञ्चार, सामाजिक परिवर्तन, सामुदायिक परिवर्तन, मिडिया र वकालतको माध्यमबाट आवश्यक जानकारी संकलन गरी व्यक्तिगत, पारिवारिक र समुदायलाई पोषणजन्य सामग्री सहयोग गर्छ । कुपोषणको अवस्थालाई सुधार गर्न जनचेतनामूलक कार्यक्रम, उत्कृष्ट कार्यविधिलाई प्रोत्साहन गर्न र स्वास्थ्य सेवालाई विस्तार गर्न अति आवश्यक छ । आड्राको लैंगिक संवेदनशीलता प्रशिक्षणद्वारा लक्षित गरिएका ग्रामीण क्षेत्रका गरिब र पिछडिएका समुदायका समस्त घरपरिवारलाई व्यावहारिक परिवर्तनको जग बसाल्न समावेश गर्छ । साथै, यस परियोजनाद्वारा ७७० जना पोषण सेवाप्रदायक र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई तालिम प्रदान गराएको छ जो अन्य स्वास्थ्य कर्मचारीको संयोजनमा पोषणसम्बन्धी सन्देश प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी गलत धारणाप्रति जागरूकता गराउने, समुदायका पिछडिएका समस्त जनसंख्यासम्म स्वास्थ्यसम्बन्धी जानकारी पुगोस् भनी सुनिश्चित गर्छ ।

### लक्षित क्षेत्रमा पहुँचद्वारा सशक्तीकरण

सामुदायिक स्वास्थ्य सहजकर्ता तथा स्वास्थ्य स्याहार स्वयंसेवकद्वारा समुदायमा संलग्नता गराउन, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई अभिमुखीकरण गराउने, गर्भवती तथा स्तनपान गराउने महिला, सासू-ससुरा, पुरुषहरू र धार्मिक गुरूहरूलाई समावेश गर्न महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । परियोजनाको घरदैलो कार्यक्रममार्फत

1 Kafle T, Singh G, Singh S, Kafle T . Nutritional Status of Dalit Children: A Comparative Study with Non-Dalit Children in Eastern Terai of Nepal . Birat J Health Sci . 2017 May 9;2:117 .
2 STUDY: 14% children in Province 2 malnourished [Internet] . [cited 2022 Nov 1] . Available from: https://kathmandupost .com/national/2018/02/24/study-14-pc-children-in-province-2-malnourished



**मौसमी अन्नबालीको बीचको खाली समयमा मेन्थाको खेतीबाट आयआर्जनमा प्रशस्त वृद्धि हुन्छ ।**

## मेन्था खेती फाइदाजनक

सम्वर्धन परियोजनाले गर्ने विभिन्न क्रियाकलापमा मेन्थाको उन्नत प्रविधिबाट उत्पादनका लागि सघाएको छ । परियोजनाद्वारा गुणस्तरीय मेन्थाको बिरुवाको प्रयोग गर्न, खेतीमा सुधार गर्न र बजारीकरण गरी अधिकतम मूल्य प्राप्त गर्न प्राविधिक सहयोग प्रदान गरिरहेको छ । मौसमी बाली कटान गरी र नयाँ बाली लगाउने बीचको अन्तरालमा बाँझो जमिन प्रयोग गरी अतिरिक्त बालीका रूपमा मेन्था खेतीले कृषकलाई थप आय आर्जन गराउने देखिएको छ । जनशक्ति कृषक समूहले एक हेक्टरभन्दा बढी जमिनमा गरेको मेन्था खेतीबाट १२० किलो तेल प्रशोधन गरी क्षेत्रफलको आधारमा प्रतिकृषक करिब २१ हजार ६ सय रुपैयाँ आय आर्जन गर्ने लक्ष्य राखेको छ । मेन्था खेतीबाट यसको डाँठ, पात, जरा खेतमै सजिलै कुहिन्छ । यसले माटोको जैविकतामा पनि सुधार ल्याउँछ । बर्दिया र बाँकेका क्षेत्रमा वन्यजन्तुद्वारा नोक्सान नहुने भएकाले पनि यस बालीको उत्पादन यहाँ निकै महत्वपूर्ण र उपयोगी हुने आशा गरिएको छ ।

सम्वर्धन परियोजनालाई युरोपियन युनियन, अष्ट्रियन डेभलपमेन्ट कोअपरेशन र आड्रा अष्ट्रियाले आर्थिक सहयोग गरेका छन् । यसका साझेदार एन्साब नेपाल, बी ग्रुप र फेकोफन रहेका छन् ।

मानव र वन्यजन्तु बीचको द्वन्द्व यस क्षेत्रको एक बहुपक्षीय समस्या हो । यसमा सिकार, बालीको क्षति, जनावर र मानिसमा वन्यजन्तुको आक्रमणको क्षतिपूर्तिसम्बन्धी नीतिगत मुद्दासम्म समावेश भएका हुन्छन् । वन्यजीव प्रायः राष्ट्रिय निकुञ्जको सीमाबाहिर निस्कन्छन् र यसले वरपरका समुदायहरूमा मानव तथा वन्यजन्तु बीच दैनिक द्वन्द्व हुने गर्दछ ।

मधेश प्रदेशमा... पृष्ठ ४ बाट क्रमश:

५ हजारभन्दा बढी गर्भवती र स्तनपान गराउने महिला र पाँच वर्षमुनिका ४ हजार ५ सय बालबालिकालाई पोषणसम्बन्धी परामर्श तथा स्क्रिनिङ प्रदान गराएको छ । उक्त प्रयासद्वारा व्यवस्थित पोषण अभ्यासलाई प्रोत्साहन गर्न, समुदायमा स्वास्थ्य पहुँचमा सहजीकरण गराउन र कुपोषणको अवस्था समयमै पहिचान गरी प्रेषण गर्न सहज गराउनेछ ।

**कुपोषणको अवस्था पहिचान तथा प्रेषण**

यस परियोजनाद्वारा गम्भीर अवस्थाका २१७ र मध्यम अवस्थाका ९०२ वटा केस पहिचान गरेको छ । बहिरंग तथा अन्तरंग चिकित्सा स्याहार केन्द्रमार्फत समयमै गरिएको उपचारपछि प्रभावित बालबालिकाको स्वास्थ्यमा सुधार ल्याएको छ ।

**स्वास्थ्य प्रणालीमा सुदृढीकरणका प्रयास**

परियोजनाद्वारा स्वास्थ्य संस्थामा आवश्यक परेका उपकरण उपलब्ध गराउने कार्यमा पहल भएको छ । आड्राले यस परियोजनाका माध्यमबाट ३४ वटा स्वास्थ्य संस्थालगायत पोषण केन्द्र, निरन्तर पोषण अनुगमन तथा वृद्धि मूल्यांकन सञ्चालन गर्न सुदृढीकरण सञ्चालन गरेको छ ।

**निष्कर्ष**

HSS-MNCH/N परियोजनाले स्वास्थ्य सुदृढीकरण प्रणालीको पहलले सामुदायिक संलग्नता, प्रभावकारी परामर्श, नियमित स्क्रिनिङ, तथा उत्कृष्ट स्वास्थ्य तालिम प्राप्त कर्मचारीको संयुक्त अभ्यासले मातृ तथा शिशु रुग्णता (मोर्बिडिटी), मृत्युदर र कुपोषणलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनी दर्शाउँछ। यस परियोजनाद्वारा लक्षित क्षेत्रका लाभग्राही विशेषत: महिला तथा बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा महत्वपूर्ण सुधार ल्याएको छ । कुपोषण तथा स्वास्थ्य सेवाको पहुँचको कमीले मानिसको व्यक्तिगत स्वास्थ्यमा त्रास पुर्‍याउनुका साथै उनीहरूको आर्थिक तथा सामाजिक स्थिरतामा पनि असर पुर्‍याउँछ । यी चुनौतीलाई समाधान गर्न स्थानीय तह, गैरसरकारी संघसंस्था तथा अन्तर्राष्ट्रिय एजेन्सीबीच संयोजन गरी दिगो सुधार सुनिश्चित गर्न आवश्यक छ ।

# कृषक पाठशाला

**कृषिसम्बन्धी सीप तथा ज्ञान प्रसार गर्ने प्रभावकारी पद्धति**

**अनिलचन्द्र न्यौपाने**
**प्रबन्धक, आड्रा नेपाल**

सन् १९८९ मा खाद्य तथा कृषि संस्थाले धानमा एकीकृत विषादी व्यवस्थापनका लागि कृषक पाठशालाको दृष्टिकोण प्रारम्भ गरेको थियो । सन् २००१ पश्चात् अन्तर्राष्ट्रिय पशु सेवा अनुसन्धान विभागले यस कृषक पाठशालाको अवधारणा पशु सेवामा लागू गर्‍यो । कृषकको प्राविधिक समस्यालाई सम्बोधन गर्ने उक्त पाठशाला एक व्यावहारिक अध्ययन थियो । कृषक पाठशालामा कृषि पेसामा संलग्न १५-२५ कृषकबीच छलफलमार्फत आफ्ना कृषिसम्बन्धी चुनौती, त्यसको समाधानका लागि तुलनात्मक अध्ययन र पाइएका नतिजा निरन्तर रूपमा प्रस्तुत गर्छन् । नेपालमा साना दुग्ध उत्पादक कृषकका लागि ग्रामीण कृत्रिम गर्भधारण अभिवृद्धि परियोजनामा लुम्बिनी प्रदेशको कपिलवस्तु र रूपन्देही जिल्लामा उन्नत उत्पादनका गाईभैंसी पालन र दुग्ध उत्पादन अभ्यासको अपर्याप्त ज्ञान रहेका साना दुग्ध कृषकलाई उनीहरूको ज्ञान र सीप आफैं वृद्धि गर्ने उद्देश्यले कृषक पाठशालाको पाठ्यक्रम तयार गरियो । यी कृषक पाठशाला सत्रमा १,३९३ महिलासहित कुल १,६३४ साना दुग्ध कृषकले भाग लिएका थिए ।

उक्त पाठशालामा जलवायु परिवर्तनका कारण गाई र भैंसी पालनमा देखिएका समस्याको पहिचान तथा स्तरीकरण गरी सुरु गरिएको हो। यसमा गाईभैंसीको वार्षिक दाना, घाँस व्यवस्थापन, सन्तुलित दानाको तयारी, आन्तरिक तथा बाह्य परजीवी व्यवस्थापन, गोठको व्यवस्थापन, माउ कोरली, भर्खरै जन्मिएका पाडापाडी, राँगा, साँढे व्यवस्थापन, स्वच्छ दूध उत्पादन आदि विषयमा पाठशालाका सिकाइ केन्द्रित थिए । स्थानीय तहमा चोकर, पिना, मिनरल्स, नुनजस्ता स्थानीय सामग्रीको प्रयोग गरी गाईभैंसीका लागि सन्तुलित आहारा कसरी तयार गर्ने भन्ने विषयमा सन्तुलित आहारा व्यवस्थापनसम्बन्धी धेरै सीप तथा ज्ञान सहभागीले पाठशालामा सिकेका थिए ।



उक्त पाठशालामा सहभागीले राइस ब्रान, गहुँको चोकर, गेडागुडीको चोकर, तोरीको केक, मिनरल मिक्स्चर, नुनजस्ता स्थानीय सामग्रीको प्रयोग गरी सन्तुलित दाना तयार गरेका थिए ।

यसका अतिरिक्त उक्त तालिममा गाईभैंसीको गोठ सुधार, व्यवस्थित मूत्र संकलन, परजीवी नियन्त्रण र स्तन सुन्निने रोगको व्यवस्थापनका लागि स्तन डिपिङका विषयवस्तुमा समेत जानकारी र रोकथामका उपायसम्बन्धी सीप पाएका थिए । कृषकले बाछा, बथान, दूध दुहुने गाईभैंसी, साँढे, राँगोको व्यवस्थापनका साथै नश्ल सुधारबारे पनि तालिम प्राप्त गरेका थिए ।

एक महिनाको अवधिमा विभिन्न डाटा रेकर्डिङका आधारमा तालिमको प्रगति मापन गर्न प्रतिपशु दूध उत्पादनको १२.६६ प्रतिशत वृद्धि (प्रतिदिन ६ सय मिलिलिटरदेखि १ लिटर) अनुगमन गरिएको थियो । उन्नत अभ्यासको तालिमपश्चात् कृषकले गेडागुडी र गैरगेडागुडीजन्य डाले तथा भुई घाँसको उत्पादन तथा व्यवस्थापन गर्न थालेका छन्। उन्नत गोठ व्यवस्थापन र सरसफाइले रोग र परजीवीको प्रकोप कम हुन थालेको अनुभव समेत किसानको छ । यसको सकारात्मक परिणामस्वरूप जनावर पनि स्वस्थ भएका छन् । तालिमपछि प्रजननसम्बन्धी समस्याप्रति सचेत हुँदै किसानले नश्ल सुधारका लागि राम्रो नश्ल र विर्यलाई प्राथमिकता दिन थालेका छन् ।

कृषक पाठशालाले साना दुग्ध कृषकलाई सामाजिक र प्राविधिक रूपमा सशक्त बनाएको छ । उक्त पाठशालाले अहिले निजी भेटेरेनरी प्राविधिकलाई परामर्श गराउनुका साथै स्थानीय सरकारी पशुसेवा आहारा, औषधि, पशु चिकित्सा र कृत्रिम गर्भाधान सेवाका लागि परामर्श पनि गराउँछ । दुग्ध व्यवसायका लागि आफ्ना फार्मको प्रभावकारी व्यवस्थापन गरेको आफ्ना अनुभव कृषकले व्यक्त गरेका छन् । पशुपालन तथा दुग्ध उत्पादनमा कृषक पाठशालाको सफलताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र र सरकारी सरोकारवालाका लागि डेरी क्षेत्रको दिगो विकासमा सहयोग पुर्‍याउन यो एक व्यावहारिक नमूना भएको महसुस गरिएको छ ।

**विद्यालयसँगको साझेदारी**

**'हाम्रो विद्यालयमा अधिकांश विद्यार्थी गरिब, पिछडिएका वर्ग र सीमान्तकृत समुदायका छन् । यस विद्यालयका केही विद्यार्थी टुहुरा छन् भने धेरैजसो काभ्रेका दुर्गम क्षेत्रबाट यहाँ बसाइँ सरी आएका छन् । आड्रा नेपालले निर्धारण गरिएको छनोट मापदण्डअनुसार विद्यालय व्यवस्थापन समितिद्वारा विद्यार्थीको छनोट गरी स्पोन्सर गर्दै आइरहेको छ ।**

म आड्रा नेपाल तथा आड्राका दातृ निकाय कोरिया, जापान र अष्ट्रेलियाप्रति आभार प्रकट गर्दछु । हामी विद्यार्थीलाई विद्यालय तह अध्ययन पूरा गर्न प्रोत्साहित गर्छौं । साथै, कक्षा १२ उत्तीर्ण गरेपछि उच्च शिक्षा अध्ययन गर्न वा रोजगारीको अवसर सिर्जना गर्न पनि प्रोत्साहित गर्दछौं ।

**प्रेमराज शर्मा, प्रधानाध्यापक**
**श्री गणेश भारती माध्यमिक विद्यालय**

# साझेदार

## दातृ निकायको ध्यानाकर्षणः क्यानेडियन फुडग्रेन्स बैंक

सन् २०१५ देखि आड्रा नेपाल र क्यानेडियन फुडग्रेन्स बैंकबीच परियोजना साझेदारी भएको छ । क्यानेडियन सरकार विकास कोषसँग दीर्घकालीन दातृ साझेदार रहेको क्यानेडियन फुडग्रेन्स बैंकले क्यानाडामा निजी दातासँग पनि आर्थिक कोष संकलन गर्छ । नेपाल भ्रमणमा आएको क्यानेडियन फुडग्रेन्स बैंकको टोलीले RELIEF परियोजनाको कार्यक्षेत्रको अवलोकन पनि गरेको छ । यस क्रममा टोलीले समस्त कर्मचारी, समर्थक, समुदायका मानिससँग अन्तरक्रिया पनि गराएको छ ।

उहाँहरूले दुर्गम सामुदायिक किसानले सामना गरिरहेका खाद्य सुरक्षाका चुनौतीबारे अवलोकन गर्नुका साथै अनुभव आदानप्रदान पनि गर्नुभएको छ । यसका साथै बाह्य सहयोगद्वारा हुन सक्ने सुधारको पनि अवलोकन र स्थानीय सरकारसँग परिचयात्मक कार्यक्रममा पनि सहभागी हुनुभएको छ । क्यानाडाको सास्काचेवानमा फार्म सञ्चालन गर्नुभएका दाता स्टिभ र जेनेट टम्टेनले २० वर्षदेखि क्यानेडियन फुडग्रेन्स बैंकलाई आर्थिक सहयोग गर्दै आउनुभएको छ । क्यानेडियन फुडग्रेन्स बैंकलाई आर्थिक सहयोगका निम्ति छुट्याएको फार्मबाट वार्षिक १५,०००-३०,००० क्यानेडियन डलर नाफा हुने गर्छ । उक्त फार्ममा स्थानीय कम्पनीले उत्पादन गर्न आवश्यक मल तथा अन्य सामग्री प्रदान गर्छन् । तपाईंहरूको उदारतालाई के कुराले प्रेरित गर्छ भनी स्टिभलाई प्रश्न गर्दा उहाँ भन्नुहुन्छ, 'मैले विश्वव्यापी आवश्यकता बुझेको छु र यो हाम्रो समुदायले गर्न सक्ने कुरामध्ये एक हो । क्यानेडियन सरकारद्वारा क्यानेडियन फुडग्रेन्स बैंकलाई प्रदान गरिने समपूरक कोषको सहयोगबाट हाम्रो आर्थिक सहयोगको बजेट कहिलेकाहीँ दुईदेखि तीन गुणा अधिक हुन जान्छ । बाली कटानीको समयमा समुदायका दश-बीस परिवारको संलग्नतामा हुने श्रमदान निकै रमणीय र एकतामूलक हुन्छ । हाम्रो यस सहयोगले नेपालमा हुने प्रभावबारे बुझ्न आउनु निकै विशेष कुरा हो ।'


दाता स्टिभ र जेनेट टम्टेन
टम्टेन बीज फार्म , सास्काचेवान

**आड्रा बेलायत र न्युबोल्ड कलेजको साझेदारीमा अबी र एली आड्रा नेपालसँग दुई महिनाका लागि स्वयंसेवकको रूपमा संलग्न हुनुभयो । विविध सँस्कृतिको धनी राष्ट्र नेपालमा स्वयंसेवकको रूपमा काम गर्ने अवसर निकै फलदायी हुँदै छ । TERAI तथा RELIEF परियोजनाको भ्रमणपश्चात् आड्राको प्रभावकारी कामको प्रतिवेदन तयार गर्न हामीलाई सक्षम बनाएको छ । सन् २०१५ को विनाशकारी भूकम्पबाट क्षति पुर्‍याएका क्षेत्रमा समुदायका व्यक्ति कठिन परिस्थितिबाट पुनः सामान्य जीवनशैलीमा फर्केको हेर्न पाउँदा आश्चर्यजनक अनुभव रह्यो । नेपाली समुदायमा घुलमिल हुन पाएकोमा हामी कृतज्ञ छौं ।**

**'बर्दियाको सामुदायिक वन उपभोक्ता समूहसँग वन स्रोत सर्वेक्षण गर्ने क्रममा हामीले रूख नाप्दै गर्दा करिब १५ मिटरको दूरीमा रहेको बाघले हामीलाई हेर्‍यो । नजिकै रहेको नहरबाट पानी खायो र पछि सरासर गयो । यो घटना अविश्वसनीय थियो ।' एन्सावमा कार्यरत वन प्राविधिक भूपालनाथ योगीको अनुभव थियो यो ।**

## वन संरक्षकः एन्साव

एन्साबका जैविक विविधताका विज्ञ दीपराज भुसाल, वन प्राविधिक भूपालनाथ योगी र राजेश डाँगी, जैविक विविधता संरक्षण र समृद्ध समुदाय निर्माणका निम्ति समर्पित हुनुहुन्छ । सामुदायिक वन उपभोक्ता समूहलाई दिगो वन व्यवस्थापनका लागि प्राविधिक सहयोग गर्न र सामुदायिक वनको कार्ययोजना विकास गर्न एन्साबका विज्ञ आड्रासँग सम्वर्धन परियोजनामार्फत काम गर्दै हुनुहुन्छ । यस गतिविधिमार्फत उहाँहरू वन्यजन्तु, वन तथा सामुदायिक विकासप्रति उत्साहित भएको देखिनुहुन्छ । 'एन्साबद्वारा भविष्यमा पार्न सक्ने प्रभावप्रति हामी केन्द्रित छौं र लक्षित क्षेत्रको अद्वितीय गतिशीलता बुझ्न पनि प्रयास गर्दछौं', दीपराज भुसाल ।
एन्साबबारे थप जानकारीका लागि हाम्रो वेबसाइट हेर्नुहोस् ।
http://ansab .org .np


भूपालनाथ योगी र दीपराज भुसाल



अबी डेभिसन र एली एलियास


राजेश डाँगी, वन प्राविधिक, बाँकेको सामुदायिक वन स्रोत सर्वेक्षण गर्दै।



## आमबोटे गुरूङ बस्तीमा होमस्टे

उत्तरी धादिङको गुरूङ समुदायको रमणीय स्थानमा अवस्थित होमस्टेले अतिथिलाई सुख तथा शान्तिको अनुभव तुल्याउँछ । यस स्थानमा होमस्टेको अवधारणा भूतपूर्व सैनिक लोकबहादुर गुरुङद्वारा सुरु गरिएको थियो ।



उहाँ आफ्नो कार्यअवधिमा विभिन्न स्थानमा यात्रा गर्दा बस्नुभएको अनुभवबाट होमस्टेमार्फत व्यापार गर्न सकिन्छ भनी प्रेरित हुनुभएको थियो । उहाँले यस उद्यमको स्थापना गरी सञ्चालन गर्न स्थानीय जनतालाई पनि उत्प्रेरित गर्नुभयो र यसको स्थापना गर्नका लागि स्थानीय नगरपालिका र विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई सहयोग गर्न पहल गर्नुभयो । यो कार्यक्रम निकै प्रभावकारी भई छिट्टै कार्यान्वयनमा आएको छ ।


हाल यस स्थानमा संचालनमा रहेका १७ वटा होमस्टेमा प्रतिदिन ४५ जनासम्म पाहुना बस्न सक्छन् । उक्त होमस्टे सञ्चालन गर्ने कृषक आड्राद्वारा सञ्चालित RELIEF परियोजनाका कृषक समूहका सदस्य पनि हुन् । थप जानकारीको लागि सम्पर्क नम्बर ९८६४४८८६१०



# समसनाको कथा

महोत्तरी निवासी २१ वर्षीया समसना खातुनले २० वर्षको उमेरमा विवाह गरिन् र छिट्टै गर्भवती भइन् । परिवारमा १० जना सदस्य भए पनि समसनाले आफ्नो गर्भावस्थालाई एक्लै झेलिरहेकी थिइन् । उनको श्रीमानले भारतमा गर्दै आएको दैनिक ज्यालादारी कामबाट परिवारको भरणपोषण गर्ने भएकाले उनी आर्थिक संकट र खाद्य असुरक्षाबीच आफ्नो र आफ्ना बच्चाको हेरचाह गर्न चुनौतीपूर्ण कार्यको सामना गर्नुपरेको थियो । गर्भवती अवस्थाभरि आफ्ना आवश्यकतालाई ध्यानमा राखी उनी परिवारका आवश्यकता पूरा गर्नतर्फ लागिपर्थिन् । घरको आर्थिक अवस्था कमजोर भएकाले उनी गर्भवती अवस्थाभरि एक पटक मात्र स्वास्थ्य परीक्षण गर्न गइन् । उनले सात महिनामा शल्यक्रिया गरी जन्मिएका जुम्ल्याहा बच्चा कम तौलका थिए र निरन्तर बिरामी भइरहन्थे ।  गर्भवती अवस्थाभरि एक पटक मात्र स्वास्थ्य परीक्षण गर्न गइन् । सातौ महिनामा शल्यक्रिया गरी जन्मिएका जुम्ल्याहा बच्चा कम तौलका थिए र निरन्तर बिरामी भइरहन्थे ।

आड्रा तथा बागमती सेवा समाज नेपालले औरही स्वास्थ्य चौकीमा प्रदान गरिरहेको निःशुल्क स्वास्थ्य सेवा खोजिन् । ६ महिनापछि समसनाले बच्चालाई लिएर स्वास्थ्य चौकी गएपछि आफ्ना बच्चामा गम्भीर कुपोषण भएको थाहा पाइन् । उनलाई स्वास्थ्य चौकीमा सन्तुलित आहाराको महत्त्वबारे शिक्षा तथा परामर्श गराउनुका साथै बच्चालाई स्तनपानलाई निरन्तता दिन प्रोत्साहित गरियो । स्थानीय सामग्रीबाट अतिरिक्त पोषणयुक्त खाना कसरी तयार गर्ने भन्ने शिक्षा उनले त्यहाँबाट पाइन् । आड्राको सहयोगीहरूको परामर्शपश्चात् उनले आफ्ना बच्चालाई स्वास्थ्य चौकीमा लगेर चेकजाँच गर्दा कुपोषणबाट सुधार हुँदै गएको पाएकी छन् । HSS-MNCH/N परियोजनालाई आड्रा अन्तर्राष्ट्रिय तथा आड्रा नेदरल्याण्डले आर्थिक सहयोग प्रदान गरेको छ ।



# आड्राको स्वास्थ्य कार्यक्रम: अवसर तथा चुनौती

आड्रा अन्तर्राष्ट्रियका स्वास्थ्य, पोषण र पानी तथा स्वच्छताका (WASH) निर्देशक होसवे ओरेलानासँगको अन्तर्वार्ता ।

**आड्रा तथा मानवीय सहायता तथा विकासका क्षेत्रमा काम गरिरहेका संस्थाले सामना गरिरहेका विश्वव्यापी चुनौती के-के हुन् ?**
हाल लामो समयदेखि विश्व्यापी रूपमा गरिबी तथा रोगजस्ता समस्या सामना गर्दै आएको अवस्था छ ।  यसको अतिरिक्त मानवीय द्वन्द्वजस्ता संकट पनि विश्वव्यापी रुपमा बढ्दो क्रममा छ । यी द्वन्द्वले गर्दा गरिबी, स्वास्थ्य क्षेत्र तथा मानवीय क्षेत्रमा विकासका काम सुरक्षितपूर्वक सञ्चालन गर्न निकै कठिन हुन्छ । विश्वव्यापी रुपमा बिर्सिएका मानवीय संकट प्रशस्त छन् । मानिसलाई गाजा र युक्रेनको जस्तो मानवीय द्वन्द्वबारे मात्रै थाहा छ तर यीबाहेक विश्वव्यापी रूपमा यस्ता द्वन्द्व धेरै छन् । समाचार वा अन्य सञ्जालमार्फत समाजमा प्रसारण नभएका कारण यी समाजसम्म पुग्न सकेका छेनन् । यस क्षेत्रमा आर्थिक सहयोग प्रशस्त रूपमा पुग्न पनि सकेका हुँदैनन् । यस्ता कार्यमा जब हामी सहयोग गर्न अघि बढ्छौँ आर्थिक अभावले गर्दा आवश्यक सहयोग पुर्‍याउन हामीलाई कठिन भइरहेको हुन्छ ।

यसका अतिरिक्त रोगहरूको चुनौतीको दोहोरो बोझ रहन्छ। स्वास्थ्य क्षेत्रमा प्रगति भए पनि औलो (मलेरिया) तथा कुपोषणको अस्तित्व हालसम्म रहेको तथा नसर्ने रोगको नयाँ मुद्दा पनि अगाडि आएका छन् । विकसित राष्ट्रमा सुरुबाट भएका यी रोग हाल विकासोन्मुख राष्ट्रमा तीव्र रूपमा देखापरिरहेका छन् । विकासोन्मुख राष्ट्रमा कुपोषण र उच्च रक्तचाप वा औलो र मधुमेह दुबै रोग भएका बिरामीका परिवार सहज रूपमा भेट्ने गरेका छौँ ।

विकसित मुलुकमा हुने मृत्युको तीन चौथाइ हिस्सा नसर्ने रोगका कारण हुने गर्छ । यदि, यो संक्रमण विकासोन्मुख देशमा बढ्दै गयो भने यसले स्वास्थ्य क्षेत्रमा पूर्णतया नयाँ संकट उत्पन्न हुनेछ । अधिकांश दाताले यस विषयमा अझै चासो देखाएका छैनन् । उनीहरूद्वारा चासो देखाएका क्षेत्रमा भने उपचार, परीक्षण र प्रयोगशालामा ध्यान केन्द्रित गरिएको छ । यो आवश्यक र उपयोगी भए पनि यसले यी रोगको वृद्धिमा रोकथाम गर्न सक्दैनन् । यसले मानिसको जीवनशैली तथा स्वास्थ्य निवारणमा लापरवाही भएको देखिन्छ ।

**आड्राको विश्वव्यापी स्वास्थ्य रणनीतिको एजेन्डा के छ ?**
अन्य संस्था जस्तै आड्रा ट्रिपल नेक्ससमा केन्द्रित हुन्छ, जसले मानवीय उद्धार, प्रतिकार्यलाई विकासोन्मुख कार्यसँग सम्बन्ध गराउँछ। हामीले गर्ने प्रत्येक कामको प्राथमिक अवधारणा होस्। स्वास्थ्य क्षेत्रमा हामी कुपोषणसँग सामना गर्न, परिवार नियोजनका सेवा प्रदान गर्न, स्वच्छ पानी तथा सरसफाइ, महिला स्वास्थ्य र विश्वभरि हामीले गर्ने अन्य कार्यक्रम प्रदान गर्न महत्त्वपूर्ण पहल जारी राख्नेछौं । यसबाहेक हामीले नसर्ने रोगतर्फ पनि ध्यानाकर्षण गरेका छौँ । यसका निम्ति नयाँ मोडेल सिर्जना गर्न आवश्यक लगानी गर्न थालेका छौं । नसर्ने रोगका विशेषज्ञता रहेका जेनरल कन्फरेन्सको स्वास्थ्य विभाग र लोमा लिन्डा विश्वविद्यालयसँग हामी सहकार्य गरिरहेका छौं।
हामीले अनुसन्धान गरिरहेको मोडेलले मानिसलाई सामाजिक र व्यावहारिक रूपमा परिवर्तन ल्याउनेछ। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चद्वारा स्वास्थ्य क्षेत्रमा प्रगतिशील कार्य गरिरहेको इतिहास रहेको कुरा धेरै मानिसलाई थाहा नहुन सक्ला । साथै, धेरै मानिस नसर्ने रोग कम लागोस् भन्ने चेतनाका साथ स्वस्थ जीवनको अभ्यास गर्छन् । यो सन्देश विश्वभरिका मानिसका निम्ति सान्दर्भिक हो ।

'हृदयघात, मधुमेह तथा अन्य नसर्ने रोगको रोकथाम सम्भव छ भनी हामीलाई राम्रोसँग थाहा छ, यो अभ्यास गर्न हामी तयार छौँ र यसलाई सम्बोधन गर्नु पनि उत्तिकै महत्वपूर्ण छ ।'

अर्को महत्त्वपूर्ण प्राथमिकता भनेको विश्वव्यापी स्वास्थ्य सुरक्षा हो जसलाई महामारीप्रति प्रतिक्रिया दिन अझ प्रभावकारी तरिकाले तयार गरिँदै छ । यस कार्यमा हाम्रो भूमिका भनेको स्वास्थ्य प्रणालीलाई बलियो बनाउनु हो ताकि स्वास्थ्य खतराको सामना गर्न अझ राम्रो तरिकाले हामी तयार हुन सकौँ ।

आड्रासँग जोडिनुअघि होसवे एक चिकित्सक हुनुहुन्थ्यो । उहाँले आड्रा बोलिभिया, मंगोलिया र नेपालसँग काम गरिसक्नुभएको छ । उहाँ हाल आड्रा इन्टरनेशनलमा स्वास्थ्य, पोषण र खानेपानी, सरसफाइ तथा स्वच्छताका (WASH) निर्देशकको रूपमा काम गर्दै हुनुहुन्छ ।

**सम्पादकीय**
डा. घनश्याम भट्ट
केलिन पिनन
कविर स्थापित
सुजितकुमार साह
डा. सुमन रावल
सन्तोष केसी
सुजितकुमार साह (कम्युनिकेसन)
**कभर फोटो:**
सुजितकुमार साह (कम्युनिकेसन)

आड्रा नेपाल आफ्नो कार्यक्रमहरूको गुणस्तर र आफ्ना कर्मचारीहरू, साझेदारहरू र सरोकारवालाहरूको आचरणको बारेमा विश्वस्त छ, यद्यपी, यदि तपाईंसँग कुनै प्रकारका गुनासो वा टिप्पणीहरू छन् भने कृपया  हाम्रो (टोल-फ्री नम्बर १६६०-०१-५४२५१ नेपाल टेलिकम प्रयोगकर्तालाई मात्र), ९८४७६९२४५६  (सबै प्रयोगकर्ताहरूलाई, नि: शुल्क कल ब्याक गरिनेछ) मार्फत सोमबार-शुक्रवार बिहान ९-५ बजे सम्म हामीलाई जानकारी जराउनुहोस् ।

सम्पर्क
**आड्रा नेपाल, केन्द्रीय कार्यालय**
**बखुण्डोल, ललितपुर नेपाल**
**+९७७-१-५४५५९१३/१४**
**info@adranepal.org**
**www.adranepal.org**